## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ साल जेठ २ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको चौथो अधिवेशन मिति २०८१/०२/११ गते शुक्रबार दिनको ३:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेशभित्रका संघ, संस्थाको अभिलेख र नियमन सम्बन्धमा व्यवस्था गर्ने विधेयकको सैद्धान्तिक स्वीकृतिको अवधारणापत्रलाई स्वीकृति प्रदान गर्ने। |
| ३. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | वन तथा वातावरण निर्देशनालय, कर्णाली प्रदेशमा नेपाल वन सेवा, जनरल फरेष्ट्रि, अधिकृतस्तर दशौं तहमा कार्यरत ललित कुमार कर्णलाई कायम मुकायम प्रदेश वन निर्देशक मुकरर गर्ने। |
| ४. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | वीरेन्द्रनगर नगरपालिका स्थित रङ्गशाला पूर्व धमला चोकदेखि क्याम्पस रोडसम्म र रङ्गशाला दक्षिण बसपार्कदेखि दैलेख रोडसम्म (क्याम्पस रोड सडक) (वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ र ८) स्तरोन्नती गर्न आगामी आर्थिक वर्षको योजनामा समावेश तथा बजेट व्यवस्थापन गर्ने गरी तत्काल पूर्वाधार विकास निर्देशनालय सुर्खेतबाट खरिद प्रकृया अगाडि बढाउन सैद्धान्तिक सहमति प्रदान गर्ने। |
| ५. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ गणेश चोकदेखि चिसापानी फुटबल मैदानसम्मको सडक चौडा तथा स्तरोन्नती गर्न आगामी आर्थिक वर्षमा योजना समावेश तथा बजेट व्यवस्थापन गर्ने गरी तत्काल पूर्वाधार विकास निर्देशनालय सुर्खेतबाट खरिद प्रकृया अगाडि बढाउन सैद्धान्तिक सहमति प्रदान गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ साल जेठ २३ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | (क) प्रस्ताव साथ संलग्न प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृतिप्रदान गर्ने।<br>(ख) कर्णाली प्रदेश (कार्यसम्पादन) नियमावली, २०७४को |

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
| --- | --- | --- |
| | | नियम ३२ को खण्ड (घ) र कर्णाली प्रदेश सभा नियमावली, २०७९ को नियम ३७ बमोजिम प्रदेश सरकारको आर्थिक वर्ष२०८१/०८२ को नीति तथा कार्यक्रम सम्बन्धमा माननीय प्रदेश प्रमुखलाई जानकारी गराई उक्त वार्षिक नीति तथा कार्यक्रम मिति २०८१/०२/२३ गते बुधवार दिनको ३:०० बजे प्रदेश सभामा प्रस्तुत गरिदिन अनुरोध गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" कर्णाली प्रदेश सभामा प्रस्तुत गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई स्वीकृति प्रदान गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना तथा सञ्चालन) ऐन, २०८० को दफा १३ को उपदफा (७) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत उपसचिव श्री कृष्ण प्रसाद खरेललाई बढिमा ६ महिनाका लागि कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको रुपमा कामकाजमा खटाउने। |
| ४. | सामाजिक विकास मन्त्रालय | दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा बनेको विधेयक प्रदेश सभामा पेश गर्न सामाजिक विकास मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने। |